नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.:- म.बै./३२१/२६८३

मितिः २०८०/८/२८
नेपाल संवत् ११४४

श्री सचिव,
वन तथा वातावरण मन्त्रालय।

वन्यजन्तु वासस्थान व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गर्ने विषय म.प.बै.सं. ४४/०८० मिति २०८०/८/२८ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

नेपाल सरकारको निर्णय–

"वन्यजन्तु वासस्थान व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गर्ने विषयको वन तथा वातावरण मन्त्रालयको दर्ता नं. १५/३३-०८०/४/३२ को प्रस्ताव म.प.बै.सं. ३७/०८० मिति २०८०/७/१६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०८०/८/११ मा बसेको मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट परिमार्जन भएबमोजिम यसैसाथ संलग्न "वन्यजन्तु वासस्थान व्यवस्थापन कार्यविधि, २०८०" स्वीकृत गर्ने।"

(बैकुण्ठ अर्याल)
मुख्यसचिव

बोधार्थः
श्री सचिव,
मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समिति।

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http/www.opmcm.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या : ४२/०८०
च.नं. : म.स.सं./३२२/२२७९

मिति: २०८०/८/११

श्रीमान् मुख्यसचिवज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।

मिति २०८०/८/११ मा बसेको मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट देहायबमोजिम निर्णय भएको व्यहोरा अनुरोध गर्दछु।

"वन्यजन्तु वासस्थान व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गर्ने विषयको वन तथा वातावरण मन्त्रालयको दर्ता नं. १५/३३-०८०/४/३२ को प्रस्ताव म.प.बै.सं. ३७/०८० मिति २०८०/७/१६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार आजको बैठकमा पेस भइ छलफल हुँदा छलफलका क्रममा उठेका विषयहरूसमेत समावेश गरी परिमार्जन गरिएको यसैसाथ संलग्न "वन्यजन्तु वासस्थान व्यवस्थापन कार्यविधि, २०८०" स्वीकृतिका लागि मन्त्रिपरिषद्समक्ष पेश गर्ने ।"

(एकनारायण अर्याल)
सचिव

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

# वन्यजन्तु वासस्थान व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावना:** राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रमा वन्यजन्तुको दीर्घकालीन संरक्षणका लागि घाँसे मैदान, सिमसार क्षेत्र समेतको निर्माण तथा व्यवस्थापन गरी वन्यजन्तु वासस्थानलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३क. ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "वन्यजन्तु वासस्थान व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि नेपाल राजपत्रमा सूचना प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "घाँसेमैदान" भन्नाले राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष वा संरक्षण क्षेत्रभित्र प्राकृतिक रूपमा रहेको वा नयाँ निर्माण गरी व्यवस्थापन गरिएको वन्यजन्तुको लागि आवश्यक पर्ने घाँसको बाहुल्यता भएको क्षेत्र सम्झनु पर्छ ।

(ख) "मिचाहा प्रजाति" भन्नाले अन्य स्थानमा प्राकृतिक रुपमा उत्पत्ति भई विभिन्न माध्यमबाट नेपाल प्रवेश गरी प्राकृतिक रुपमा फैलिएका, प्रतिकूल वासस्थानमा पनि हुर्कन र छिटो छिटो फैलन सक्ने क्षमता भएका र वन्यजन्तुको वासस्थान, वातावरण, जैविक विविधता वा मानव स्वास्थ्यमा प्रतिकूल असर पार्ने वनस्पति प्रजाति सम्झनु पर्छ ।

(ग) "वन्यजन्तु वासस्थान" भन्नाले राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष वा संरक्षण क्षेत्रभित्र वन्यजन्तुको लागि आवश्यक पर्ने खाना वा पानी उपलब्ध हुने, वन्यजन्तु लुक्ने, बस्ने, विचरण गर्ने तथा वन्यजन्तुको प्रजनन् गर्ने क्षेत्र सम्झनु पर्छ।

(घ) "विभाग" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सम्झनु पर्छ ।

(ङ) "व्यवस्थापन योजना" भन्नाले ऐनको दफा ३ को उपदफा (१क) बमोजिमको व्यवस्थापन योजना सम्झनु पर्छ ।

(च) "सिमसार" भन्नाले राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष वा संरक्षण क्षेत्रभित्र प्राकृतिक रूपमा उपलब्ध भएको वा नयाँ निर्माण गरी व्यवस्थापन गरिएको वन्यजन्तुको लागि पानी खान, आहाल बस्न, प्रजनन गर्न, लुक्न, बस्न, विचरण गर्नका लागि वर्षैभरी वा मौसमीरुपमा पानी उपलब्ध हुने दलदल, घोल, पोखरी, ताल तलैया, खोला वा नदी लगायतका क्षेत्र सम्झनु पर्छ।

## परिच्छेद-२

## वन्यजन्तु वासस्थान व्यवस्थापन

३. **वन्यजन्तु वासस्थानको लागि स्थान छनौटः** (१) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष वा संरक्षण क्षेत्र कार्यालयमा साल बसाली रुपमा वन्यजन्तुको वासस्थान व्यवस्थापनको लागि प्राप्त हुने बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि स्थान छनौट गर्दा व्यवस्थापन योजना र स्वीकृत प्रजाति संरक्षण कार्ययोजनामा उल्लेख भएका घाँसेमैदान तथा सिमसार क्षेत्र मध्येबाट स्थान छनौट गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि स्थान छनौट गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) घाँसेमैदान निर्माण तथा मर्मत सुधारको लागि समथर मैदान, दुई वा दुई भन्दा बढी आहारा प्रजाति विचरण गर्ने क्षेत्र, सिमसार क्षेत्र, पानीको स्रोत नजिक भएका, अग्ला ढड्डी तथा बुट्यानले ढाकिएका क्षेत्र, सालबसाली रूपमा व्यवस्थापन हुँदै आएका र आहारा प्रजातिका हिसाबले महत्वपूर्ण मानिएका घाँसेमैदानका जग्गालाई पहिलो प्राथमिकतामा राखी छनौट गर्नु पर्ने,

(ख) वन्यजन्तु वासस्थान व्यवस्थापनको कार्यलाई एकीकृत गर्न नयाँ घाँसेमैदान निर्माण गरिने क्षेत्र, घाँसेमैदान भएका तर पानीको अभाव भएका क्षेत्र तथा बिगतमा पानीका स्रोत भई पुरिएका क्षेत्र, प्राकृतिक रुपमा रहेका दलदल, घोल, पोखरी, ताल तलैया वा खाल्डोहरूको पहिचान गरी छनौट गर्नु पर्ने,

(ग) मिचाहा प्रजाति, रूख प्रजाति वा अन्य झाडी बुट्यानबाट ढाकिएर वन क्षेत्रमा परिणत भएका साबिकका घाँसेमैदान तथा पानीको सतह घटेर आकार, गुणस्तर र अवस्थामा परिवर्तन आएका ताल तलैया क्षेत्रको पहिचान गरी छनौट गर्नु पर्ने,

(घ) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष र संरक्षण क्षेत्रको व्यवस्थापनको लागि निर्माण गरिएका पोष्ट, मचान, पुल जस्ता भौतिक पूर्वाधार र वनपथको आसपासको क्षेत्र छनौट गर्नु पर्ने,

(ङ) पर्यटकीय क्रियाकलाप सञ्चालनको लागि पहिचान भएका क्षेत्र तथा निर्माण गरिएको भौतिक पूर्वाधार आसपासको क्षेत्र छनौट गर्नु पर्ने,

(च) साल वनभित्रका झाडी बुट्यान (अन्डर स्टोरी भिजिटेसन) हटाई स-साना घाँसेमैदानका प्लट निर्माण तथा मर्मत सुधार गर्न सकिने क्षेत्र छनौट गर्नु पर्ने।

४. <u>वन्यजन्तु वासस्थान व्यवस्थापनको प्रस्ताव तयारी र स्वीकृतिः</u> (१) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष वा संरक्षण क्षेत्रको लागि साल बसाली रुपमा वन्यजन्तुको वासस्थान निर्माण तथा व्यवस्थापनको लागि प्राप्त हुने बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि संरक्षकले प्रत्येक आर्थिक वर्षको साउन महिनाभित्र वासस्थानको नक्साङ्कन सहितको वन्यजन्तु वासस्थान व्यवस्थापन सम्बन्धी वार्षिक कार्ययोजना तयार गर्नु पर्नेछ र सो को जानकारी विभागलाई गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्ययोजना तयार गर्दा दफा ३ को खण्ड (ख) र (ग) बमोजिम पहिचान भएका पानीको अभाव भएको, विगतमा पानीको स्रोत पुरिएको र पानीको सतह घटेको क्षेत्रमा ताल तलैया निर्माण, पुनर्स्थापना तथा मर्मत गर्ने विषय समेत समावेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम विभागमा प्राप्त भएको वार्षिक कार्ययोजना परिमार्जन गर्नु पर्ने देखिएमा विभागले सुझावसहित सो कार्ययोजना परिमार्जन गर्न सम्बन्धित कार्यालयलाई निर्देशन दिन सक्नेछ र त्यसरी निर्देशन प्राप्त भएमा सो बमोजिम परिमार्जन समेत गरी सम्बन्धित कार्यालयले त्यस्तो कार्ययोजना स्वीकृत गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको वासस्थान व्यवस्थापन सम्बन्धी वार्षिक कार्ययोजनामा अनुसूची-१ बमोजिमका विषय समावेश गर्नु पर्नेछ।

५. <u>लागत अनुमान तयारी र स्वीकृतिः</u> (१) वन्यजन्तु वासस्थान व्यवस्थापनका लागि प्राप्त बजेट, लक्ष्य र आवश्यकताको आधारमा दफा ४ बमोजिमको स्वीकृत वार्षिक कार्ययोजना बमोजिम वासस्थान व्यवस्थापन गर्न स्वीकृत नर्मस् तथा जिल्ला दररेटको विश्लेषण गरी भदौ महिनाभित्र लागत अनुमान तयार गरी संरक्षकले स्वीकृत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लागत अनुमान तयार गर्दा वन्यजन्तु वासस्थान निर्माण वा पुनर्स्थापना वा मर्मत सुधारको प्रति इकाईको लागि दैनिक ज्यालादारीमा काम गर्ने कामदारको सङ्ख्या, आवश्यक औजार, मालसामान तथा मेसिनरी औजार प्रयोग गर्नु पर्ने भएमा सो को लागि

आवश्यक पर्ने इन्धन र चालकको पारिश्रमिक समेत यकिन गरी दफा ४ बमोजिमको वार्षिक कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

६. <u>वन्यजन्तु वासस्थान व्यवस्थापन कार्यदिश र कार्यान्वयन विधिः</u> (१) दफा ४ बमोजिम स्वीकृत भएको वार्षिक कार्ययोजना बमोजिमको कार्य गर्नलाई संरक्षकले आवश्यकता अनुसार सम्बन्धित कर्मचारीलाई कार्यदिश दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यदिश प्राप्त गर्ने कर्मचारीले कार्यदिश बमोजिमको काम गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) घाँस काट्ने, मिचाहा प्रजातिलाई फूल फुल्नु अगावै उखेल्ने, गल्थो उखेल्ने, सरसफाई गर्ने, रुख काट्ने, रुख बिरुवा जरै समेत उखेल्ने, घाँस काटिसकेपछि नियन्त्रित रुपमा आगो लगाउने, घाँसे मैदान व्यवस्थापनबाट निस्किएको घाँस लगायतका वस्तुलाई घाँसेमैदानबाट हटाई सुरक्षित स्थानमा लगेर ७७ाउने वा यस्तै प्रकृतिका अन्य उपयुक्त विधि अपनाई घाँसेमैदान निर्माण तथा मर्मत सुधारको कार्य गर्नु पर्ने,

(ख) साल वनभित्र ठुला रूख यथावत राखी झाडी बुट्यान (अण्डरस्टोरी भेजिटेसन) हटाई स-साना घाँसेमैदानका प्लट निर्माण तथा मर्मत सुधारको कार्य गर्नु पर्ने,

(ग) कुनै रुख हटाउनु पर्ने भएमा त्यसरी हटाउनु पर्ने रुखको विवरण तयार गरी संरक्षक समक्ष पेश गरी संरक्षकबाट स्वीकृत भए पछि हटाउने,

(घ) ताल तलैया निर्माण, पुनर्स्थापना वा मर्मत सम्भार, पानीको स्रोत संरक्षण, ताल तलैयाको निर्माण मुहानको पानी व्यवस्थापन, सोलार सहितको बोरिङ्ग जडान, ताल वा पोखरी सरसफाइ, हिलो हटाउने र नदी पुनर्स्थापना गर्ने वा यस्तै प्रकृतिका अन्य उपयुक्त कार्य गरी सिमसार क्षेत्रको व्यवस्थापन गर्नु पर्ने,

(ङ) खण्ड (क), (ख), (ग) वा (घ) बमोजिम वन्यजन्तुको वासस्थान व्यवस्थापन गर्दा बुच्को (मोजाईक) बनाउने, माऊ रूख राख्ने, नयाँ निर्माण गरिएको ताल तलैयाको बीचमा टापु बनाउने, छेउछाउमा काठको मुढा वा ढुङ्गा राख्ने, ताल तलैयाको छेउमा माटोको ढिस्को नबनाई वन्यजन्तु सहजै आवतजावत गर्न मिल्ने गरी जमिनको सतह बराबर गर्ने र वर्षातको समयमा माटो लगायतका वस्तु बगेर पुनः तालमा नजाने गरी व्यवस्थापन गर्ने जस्ता कार्य गर्नु पर्नेछ ।

(३) उपदफा (२) को खण्ड (क) बमोजिम वन्यजन्तु वासस्थान व्यवस्थापन अन्तर्गत मिचाहा प्रजाति हटाउँदा फूल फुल्नु अगावै जरैसमेत उखेली वा गल्थो उखेली सुकाएर जलाउनु पर्नेछ ।

(४) उपदफा (२) को खण्ड (ग) बमोजिम हटाईएका रुखबाट प्राप्त हुने काठ सम्बन्धित राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष वा संरक्षण क्षेत्रमा हुने भौतिक निर्माण तथा मर्मत सुधारको काममा प्रयोग गर्नु पर्ने भएमा प्रयोग गरिएको काठको छुट्टै विवरण रजिष्टर खडा गरी संरक्षकले प्रमाणित गरी सुरक्षित राख्नु पर्नेछ।

(५) उपदफा (१) को खण्ड (घ) बमोजिम ताल तलैया निर्माण, पुनर्स्थापना वा मर्मत सम्भार गर्दा हटाईएका वस्तु कम्तीमा तीन सय मिटर भन्दा टाढा उचित स्थान छनौट गरी व्यवस्थापन गर्नु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम कायदिश प्राप्त कर्मचारीले उपदफा (२) बमोजिम वासस्थान व्यवस्थापनको लागि दैनिक ज्यालादारीमा कामदार लगाउने भएमा मध्यवर्ती क्षेत्र वा संरक्षण क्षेत्रका स्थानीय बासिन्दालाई पहिलो प्राथमिकता दिई काम लगाउनु पर्नेछ । यसरी काममा लगाइने कामदारको नाम, थर र वतन सहितको विवरण दर्ता किताब राखी प्रवेश अनुमति दिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमका कामदारको पारिश्रमिक बैङ्क खाता मार्फत भुक्तानी गर्नु पर्नेछ ।

(८) यस दफा बमोजिम वन्यजन्तु वासस्थान व्यवस्थापनको लागि प्रचलित कानून बमोजिम खरिद गरिने वस्तु, मेसिनरी सामान लगायत अन्य खर्च सम्बन्धित व्यवसायीको बैङ्क खातामा सिधै भुक्तानी हुने व्यवस्था गर्नु पर्नेछ।

७. **वन्यजन्तु वासस्थान व्यवस्थापनको समय सीमाः** राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष वा संरक्षण क्षेत्रमा वन्यजन्तु वासस्थान व्यवस्थापन कार्य देहाय बमोजिमको समय सीमाभित्र गर्नु पर्नेछः-

(क) नयाँ घाँसेमैदान निर्माण कार्य असोजदेखि माघसम्म,

(ख) नयाँ ताल तलैया तथा सिमसार क्षेत्र निर्माण कार्य माघदेखि वैशाखसम्म,

(ग) घाँसेमैदान व्यवस्थापन कार्य प्रत्येक आर्थिक वर्षमा एक प्लटमा कम्तीमा दुई पटक असोजदेखि मङ्सिरसम्म र वैशाख देखि जेठसम्म,

(घ) ताल तलैया पुनर्स्थापना तथा मर्मत सुधार कार्य प्रत्येक आर्थिक वर्षमा कम्तीमा एक पटक असोजदेखि मङ्सिरसम्म वा माघदेखि चैतसम्म ।

## परिच्छेद-३
## विविध

८. **अध्ययन अनुसन्धानको लागि नमूना प्लट स्थापना गर्न सकिनेः** (१) वन्यजन्तु वासस्थान व्यवस्थापन गर्न अपनाईएका विधिको प्रभाव अध्ययनका लागि घाँसेमैदान तथा ताल तलैया, नदी, खोलाको स्थायी नमूना प्लट स्थापना गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम प्लट स्थापना गर्दा घाँसेमैदानको लागि फरक फरक स्थानमा कम्तिमा तीन हेक्टरसम्मका प्लट निर्धारण गरी वार्षिक रुपमा दुईदेखि तीन पटकसम्म व्यवस्थापन गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम स्थापना गरिएका प्लटमा घाँसे मैदानको व्यवस्थापन गर्दा दफा ६ को उपदफा (२) का खण्ड (क), (ख) वा (ग) मा उल्लिखित फरक फरक पद्दतिबाट व्यवस्थापन गर्नु पर्नेछ।

(४) उपदफा (१) मा उल्लिखित प्रभाव अध्ययनको लागि फरक फरक स्थानमा नमूना ताल तलैया छनौट गरी वार्षिक रुपमा एकदेखि दुई पटकसम्म व्यवस्थापन गर्न सकिनेछ ।

(५) उपदफा (४) बमोजिम छनौट गरिएका ताल तलैयामा मिचाहा प्रजाति हटाउने, सरसफाइ गर्ने, पानीको सतह बढाउने, आसपासको क्षेत्रको घाँस बुट्यान हटाउने, बाँध लगाउने, माटो खन्ने तथा हटाउने, सोलार बोरिङ्गबाट पानी भर्ने, पोखरीमा काठको डुङ्गा चलाउने, ठूला पोखरीमा मगर गोही छोड्ने, हात्ती हिंडाउने, कुलोबाट पानी पटाउने, चुरे क्षेत्रमा जल भण्डारण पोखरी निर्माण गर्ने, चुरे तथा भावर क्षेत्रमा भूमिगत रुपमा रहेको पानीलाई जमिनको सतहमा निकाल्ने, संरक्षण पोखरी निर्माण गर्ने जस्ता फरक फरक पद्धतिबाट व्यवस्थापन गर्नु पर्नेछ ।

(६) उपदफा (१) मा उल्लिखित प्रभाव अध्ययनको लागि नदी वा खोला छनौट गरी जलीय जैविक विविधताको संरक्षण र व्यवस्थापनको लागि नदीमा आवश्यक वातावरणीय जल प्रवाह (इन्भारोनमेन्टल फ्लो) अध्ययन गर्न सकिनेछ र यसरी गरिएको अध्ययनबाट प्राप्त नतिजाको आधारमा न्यूनतम वातावरणीय जलप्रवाह (इन्भारोनमेन्टल फ्लो) कायम राख्न सम्बन्धित निकायलाई सिफारिश गर्न सकिनेछ ।

(७) यस कार्यविधि बमोजिम घाँसे मैदान तथा तालतलैया व्यवस्थापन गर्दा उपदफा (३) वा (५) बमोजिम फरक फरक पद्धतिबाट घाँसे मैदान वा ताल तलैया व्यवस्थापन गरिएको मध्ये प्रभावकारी देखिएको व्यवस्थापन पद्धति अनुसरण गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(८) यस दफा बमोजिम वन्यजन्तु वासस्थान व्यवस्थापनको लागि नमूना प्लट स्थापना गर्नका लागि तथ्याङ्क सङ्कलन गर्दा लाग्ने आवश्यक खर्च समेत दफा ५ बमोजिमको लागत अनुमानमा समावेश गर्नु पर्नेछ ।

९. **वन्यजन्तु वासस्थान व्यवस्थापनको अनुगमन गर्नु पर्ने:** (१) वन्यजन्तु वासस्थान व्यवस्थापन सम्बन्धी कार्य र वन्यजन्तुमा परेको प्रभाव सम्बन्धमा संरक्षकले नियमित रुपमा अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) यस कार्यविधि बमोजिम गरिएको वन्यजन्तु वासस्थान व्यवस्थापन कार्य र यसले वन्यजन्तुमा परेको प्रभाव सम्बन्धमा विभागले अनुगमन गरी सम्बन्धित राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष वा संरक्षण क्षेत्र कार्यालयलाई सुझाव वा निर्देशन दिनु पर्नेछ र यसरी दिइएको सुझाव वा निर्देशन सम्बन्धित राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष वा संरक्षण क्षेत्र कार्यालयले पालना गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा व्यवस्थापन गरिएको वासस्थानको तस्बिर, भिडियो र वृत्तचित्र समेत तयार गरी विभागमा सुरक्षित राख्नु पर्नेछ।

(४) वन्यजन्तु वासस्थान व्यवस्थापन सम्बन्धी अनुगमनलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि देहाय बमोजिमको समिति रहनेछः-

(क) उप-महानिर्देशक, विभाग -संयोजक

(ख) उपसचिव, जैविक विविधता शाखा, वन तथा वातावरण मन्त्रालय -सदस्य

(ग) इकोलोजिष्ट, विभाग -सदस्य

(घ) अनुगमन तथा मूल्याङ्कन अधिकृत, विभाग - सदस्य-सचिव

(५) उपदफा (४) बमोजिमको समितिमा सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(६) उपदफा (४) बमोजिमको समितिको बैठक तथा निर्णय सम्बन्धी व्यवस्था सोही समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **तथ्याङ्क सङ्कलन गरिने:** यस कार्यविधि बमोजिम व्यवस्थापन गरिएको वन्यजन्तु वासस्थानको प्रत्येक प्लटको सम्बन्धमा संरक्षकले अनुसूची-२ बमोजिमको तथ्याङ्क फारामको प्रयोग गरी तथ्याङ्क सङ्कलन गराउनु पर्नेछ ।

अनुसूची-१

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

**<u>वन्यजन्तु वासस्थान व्यवस्थापन सम्बन्धी वार्षिक कार्ययोजनामा समावेश हुनुपर्ने विषयहरु</u>**

१. पृष्ठभूमि

२. वन्यजन्तु वासस्थान व्यवस्थापन वार्षिक कार्ययोजनाको उद्देश्य तथा लक्ष्य

३. संरक्षित क्षेत्रको वन्यजन्तु वासस्थानको विवरण देखिने नक्शा

४. वन्यजन्तु वासस्थान व्यवस्थापन गरिने क्षेत्रको ग्लोबल पोजिसनिङ्ग सिस्टम (G. P. S.) लोकेशन सहितको नक्शा

५. आर्थिक वर्ष भित्र वन्यजन्तु वासस्थान व्यवस्थापनको लागि प्रस्तावित स्थान, सङ्ख्या तथा क्षेत्रफल

६. वन्यजन्तु वासस्थान व्यवस्थापन कार्य प्रकृया, अपनाईने विधि

७. व्यवस्थापनका लागि आवश्यक जनशक्ति तथा मेसिन उपकरण सम्बन्धी विवरण

८. व्यवस्थापन कार्यको लागि लाग्ने खर्च

९. वन्यजन्तु वासस्थान व्यवस्थापन कार्यक्रमहरुको समय तालिका

अनुसूची-२

(दफा १० सँग सम्बन्धित)

**वन्यजन्तु वासस्थान व्यवस्थापन सम्बन्धी तथ्याङ्क सङ्कलन फाराम**

## १. फाराम नं. १

**(घाँसेमैदान व्यवस्थापन गर्नु भन्दा अगाडि भर्ने फाराम)**

(क) ठाउँ/स्थानको नामः

(ख) नजिकको पोष्ट र पोष्ट प्रमुखको नामः

(ग) तथ्याङ्क सङ्कलन गरेको मितिः

(घ) तथ्याङ्क सङ्कलन गर्ने व्यक्तिको नामः

(ङ) घाँसेमैदान व्यवस्थापन गर्न लागिएको प्लटको क्षेत्रफलः (प्लट नम्बरः )

(च) व्यवस्थापन गर्न छनौट गरिएको प्लटको चार कुनाको ग्लोबल पोजिसनिङ्ग सिस्टम (G. P. S.) लोकेशनः

उत्तरः पूर्वः

उत्तरः पूर्वः

उत्तरः पूर्वः

उत्तरः पूर्वः

(छ) व्यवस्थापन गर्नु भन्दा अगाडिका तस्विरहरुः

तस्बिर नम्बर / नामः तस्बिर नम्बर / नामः

तस्बिर नम्बर/ नामः तस्बिर नम्बर/ नामः

(ज) व्यवस्थापन गर्नु भन्दा अगाडिको घाँसेमैदानको अवस्थाः

(१) छनौट गरिएको घाँसे मैदानबाट पानीपोखरी/खोलाको दुरीः

(२) सडकबाट छनौट गरिएको घाँसे मैदानको दुरीः

(३) मचानबाट छनौट गरिएको घाँसे मैदानको दुरीः

(४) पोष्टबाट छनौट गरिएको घाँसे मैदानको दुरीः

(५) छनौट गरिएको घाँसे मैदानमा रहेका मुख्य घाँस प्रजातिहरुः

(६) घाँसको उचाई (प्लटमा कम्तीमा तीन ठाउँको घाँस नाप्ने टेप प्रयोग गरेर उचाई नाप्ने):

(७) झाडी बुट्यानहरु भए/नभएकोः

(८) मिचाहा प्रजातिहरू भए/नभएको (भएको भए मिचाहा प्रजातिको नाम)

(९) घाँसे मैदानमा देखिएका वन्यजन्तुको सङ्केत वा नामः

(१०) छनौट गरिएको प्लटको वरिपरिको वासस्थानको अवस्थाः

(११) छनौट गरिएको घाँसे मैदान वरिपरिको वन क्षेत्रको अवस्था र दुरीः

(१२) छनौट गरिएको घाँसे मैदान नजिक रहेका मुख्य रुख प्रजातिहरुः

(१३) गत वर्ष व्यवस्थापनको काम भए/नभएकोः

(१४) गत वर्ष आगो लागे/नलागेकोः

(१५) व्यवस्थापन गर्न छनौट गरिएको प्लट/क्षेत्रको महत्वः

(१६) अन्य महत्वपूर्ण जानकारीः

## २. फाराम नं. २

**(घाँसेमैदान व्यवस्थापन गर्दै गर्दा भर्ने फाराम)**

(क) घाँसेमैदान व्यवस्थापन गरेको मितिः ..............................देखि..............................सम्म

(ख) व्यवस्थापनमा प्रयोग गरिएको पद्दति तथा अन्य विवरणहरुः

(१) मेसिन/औजार प्रयोग गरेर घाँस काटेकोः

मेसिन/औजारको नामः प्रति दिन कतिवटा मेसिन/औजार प्रयोग गरिएकोः

(२) मेसिन औजारबाट घाँस काटेर जलाएको विवरणः

(३) मेसिन औजारबाट बुट्यान तथा रुख हटाएको विवरणः

(४) मानिसले घाँस काटेकोः प्रतिदिन कति जना घाँस काट्न संलग्न भएकोः

(५) मानिसले घाँस काटेर जलाएको विवरणः

(६) मिचाहा प्रजाति उखलेकोः

(७) बुट्यान तथा रुख काटेकोः

(८) रुख सुकाएकोः

(ग) व्यवस्थापन गरेको जम्मा क्षेत्रफलः

(घ) व्यवस्थापन कार्य गर्दाका तस्विरहरुः

तस्विर नम्बर १ तस्विर नम्बर २

तस्विर नम्बर ३ तस्विर नम्बर ४

(ङ) व्यवस्थापन कार्य अनुगमनबाट भएको सिकाई र सुझावः

१.

२.

(चं) व्यवस्थापन कार्य अनुगमन गर्ने व्यक्तिको नामः

## ३. फाराम नं. ३

**(घाँसेमैदान व्यवस्थापन गरिसकेपछि भर्ने फाराम)**

अवलोकन गरेको मितिः अनुगमनकर्ता/फाराम भर्ने व्यक्तिको नामः

**(क) घाँसेमैदान व्यवस्थापन पश्चात प्लटको अवस्थाः**

१. घाँसको उचाई (नाप्ने टेप प्रयोग गरेर उचाई नाप्ने-कम्तीमा तीन ठाउँबाट):

२. घाँसेमैदान व्यवस्थापन पछिका तस्बिरहरुः

तस्बिर नम्बर १. तस्बिर नम्बर २.

तस्बिर नम्बर ३. तस्बिर नम्बर ४.

३. व्यवस्थापन भएको प्लटमा बुट्यान तथा रुख भए/नभएकोः

४. व्यवस्थापन भएको प्लटमा मिचाहा प्रजाति भए/नभएकोः

५. जनावरहरुले विचरण गरेको सङ्केतहरूः

(क) मृग प्रजातिका बड्कौंलाहरुः

(ख) अन्य जनावरले विचरण गरेको सङ्केतहरुः

६. प्रत्यक्ष अवलोकनवाट देखिएका अन्य कुराहरूः

(क) कुन व्यवस्थापनको विधि वा पद्दति मार्फत व्यवस्थापन भएकोः

(ख) उद्देश्य अनुरुप व्यवस्थापन भएको/नभएकोः

(ग) योजना अनुसार व्यवस्थापन भएको/नभएकोः

(घ) अन्य सुझावहरूः

*(__द्रष्टव्यः__ यो फारम व्यवस्थापन कार्य सकिएको १५ दिन पछि अनुगमनको क्रममा भर्नु पर्नेछ र दोस्रो पटक कम्तीमा ४० देखि ५० दिनको बिचमा पनि अनुगमन गरी भर्नु पर्नेछ ।)*

(ख) व्यवस्थापन गरेको प्लटमा जनावरहरुले विचरण/प्रयोग गरेको अवस्थाः

**प्रत्यक्ष अवलोकन विधि मार्फत**

मितिः स्थानः प्लट नम्बरः

जि. पि. एस. लोकेशनः उत्तरः पूर्वः अवलोकनकर्ताको नामः

| क्र.सं. | दिन | समय | जनावर सङ्ख्या | | | | | | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | चित्तल | बाहसिंगा | लगुना | गैंडा | बँदेल | बाँदर | |
| १. | पहिलो | बिहान | | | | | | | |
| | | बेलुका | | | | | | | |
| २. | दोस्रो | बिहान | | | | | | | |
| | | बेलुका | | | | | | | |
| ३. | तेस्रो | बिहान | | | | | | | |
| | | बेलुका | | | | | | | |
| ४. | चौथो | बिहान | | | | | | | |
| | | बेलुका | | | | | | | |
| ५. | पाँचौं | बिहान | | | | | | | |
| | | बेलुका | | | | | | | |
| ६. | छैठौं | बिहान | | | | | | | |
| | | बेलुका | | | | | | | |
| ७. | सातौं | बिहान | | | | | | | |
| | | बेलुका | | | | | | | |

<u>द्रष्टव्यः</u>

१. कुनै एक अग्लो ठाउँबाट - नजिकै मचानबाट, रुखबाट, गाडीबाट वा हात्तीबाट बाईनाकुलर प्रयोग गरी वन्यजन्तुको सङ्ख्या यकीन गर्नु पर्नेछ ।

२. अवलोकन कार्य कम्तीमा सातदिन सम्म नियमित रुपमा दिनको दुईपटक (बिहान र बेलुका) गर्नु पर्नेछ।

३. अवलोकन गर्दा सम्भव भएसम्म देखिएका वन्यजन्तुको उमेर (वयस्क, अर्ध-वयस्क, बच्चा) र लिङ्ग (भाले, पोथी) को आधारमा वर्गीकरण गरी अभिलेख राख्नु पर्नेछ।

४. अवलोकनको क्रममा सम्भव भए जनावरले विचरण गरिरहेको तस्बिरहरु पनि लिनु पर्नेछ ।

४. फाराम नं.४

**(सिमसार क्षेत्रको तथ्याङ्क सङ्कलन फाराम)**

मिति ....................................

तथ्याङ्क सङ्कलन गर्ने व्यक्तिको नाम ........................................

(क) सिमसारको विवरण

| सिमसारको नाम | ग्लोबल पोजिसनिङ्ग सिस्टम (G. P. S.) लोकेशन | | जि.पि.एस. ट्र्याकको नाम र नं. | तस्बिरको नाम/ नं. | सिमसारमा र सिमसार वरपर अभिलेख गरिएको वन्यजन्तु /चिन्ह | सबै भन्दा नजिकको • पोष्ट | पोष्टबाट दुरी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | उत्तर | पूर्व | | | | | | |
| | | | | | | | | |

| सिमसारको नाम | उचाई | कुल क्षेत्रफल | खुला जलाशय को क्षेत्रफल | गहिराई | इनलेट | | आउटलेट | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | स्थायी/मौसमी (पेरेनियल/सिजनल) | सङ्ख्या | स्थायी/मौसमी (पेरेनियल/सिजनल) |
| | | | | | | | | |

| सिमसारको नाम | सिमसारको वर्गीकरण (सबैभन्दा उपयुक्तमा चिनो लगाउने) | सिमसारको अवस्था (धेरै कमजोर/कमजोर/ठिकै/राम्रो/ धेरै राम्रो) | चुनौती/खतरा | व्यवस्थापन सम्बन्धी सिफारिश | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

(ख) सिमसारको वर्गीकरण

| प्रकार | उपप्रकार १ | उपप्रकार २ | उपप्रकार ३ |
|---|---|---|---|
| ताजा पानी (फ्रेस वाटर) / प्राकृतिक | नदी | स्थायी | १. स्थायी नदी, खोलानाला र झरनाहरू । |
| | | | २. देशभित्रको त्रिकोणी भूमि (इन्ल्यान्ड डेल्टा) । |
| | | मौसमी | १. मौसमी नदी तथा खोलानालाहरू । |
| | | | २. नदी तटीय बाढी मैदान (नदी समतल, जलमग्न नदी प्रणाली, मौसमी रूपमा जलमग्न हुने घाँसे मैदान। |
| | ताल | स्थायी | १. मौसमी रूपमा अनियमित जलमग्न हुने तट लगायत ताजा पानीका स्थायी ताल (८ हेक्टर भन्दा बढी ) |
| | | | २. ताजा पानीका स्थायी ताल (८ हेक्टर भन्दा कम क्षेत्रफल) । |
| | | मौसमी | १. ताजा पानीका मौसमी ठूला ताल । |
| | | | २. बाढी मैदान ताललगायत मौसमी ताजा पानीका ताल (८ हेक्टर भन्दा कम क्षेत्रफल) । |
| | | | ३. मौसमी ताजा पानीका साना तलाउ (८ हेक्टर भन्दा कम क्षेत्रफल) |
| | पलस्ट्रिन | आकस्मिक | १. अधिकांश बढ्दो समयका लागि जल तहमुनि आधार भएको उदीयमान वनस्पति सहित अप्राङ्गारिक माटोमा स्थायी ताजा पानीका दलदल । |
| | | | २. टाइफाको वर्चस्व रहेको उष्ण प्रदेशीय उच्च उपत्यका दलदल लगायत पिट बनाउने ताजा पानीका स्थायी दलदल । |
| | | | ३. दलदले काँचुली खाडल, मौसमी रूपमा जलमग्न घाँसे मैदान, वनस्पति दलदल र स-साना घाँसे जलमग्न समथल क्षेत्र लगायत अप्राङ्गारिक माटोमा ताजा पानीका मौसमी दलदल । |
| | | | ४. काई, बिरुवा वा होचा पोथ्रा वनस्पतिले भरिएका एसिडोफाइलस ओम्ब्रोजेनस वा सोलिजेनस दलदलहरू लगायत विभिन्न प्रकारका दलदल । |
| | | | ५. हिउँ पग्लेर आउने पानीले मौसमी रूपमा जलमग्न घाँसे मैदान लगायत अल्पाइन तथा ध्रुवीय दलदलहरू । |
| | | | ६. वरिपरि वनस्पति सहित ताजा पानीका छहरा तथा उद्यान । |
| | | | ७. आउने र गाढा हुने जलवाष्पले निरन्तर चिस्याउने ज्वालामुखी धूम्रछिद्र। |
| | | वनजङ्गल | १. पोथ्रा तथा झाडीको बाहुल्यता भएको अप्राङ्गारिक माटोमा पोथ्रा दलदलहरू । |
| | | | २. अप्राङ्गारिक माटोमा मौसमी रूपमा जलमग्न हुने वन भएको दलदल लगायत ताजा पानी दलदल । |

| | | | |
|---|---|---|---|
| | | | ३. पिट दलदल वन लगायत वन पिटल्यान्ड । |
| मानव निर्मित | जलीय कृषि/कृषि | | १. जलीय कृषि पोखरीहरू (मत्स्य पालन पोखरी ) । |
| | | | २. खेतबारीका पोखरी, स्टक पोखरी तथा साना ट्याङ्क लगायत पोखरीहरू । |
| | | | ३. सिञ्चित जमिन तथा सिंचाइ कुलो (धानखेत, नहर तथा खाडल)। |
| | | | ४. मौसमी रूपमा जलमग्न हुने कृषि योग्य जमिन ) । |
| | सहरी/औद्योगिक | | १. उत्खनन (रोडा खाडल, प्वाल खाडल र पोखरी) । |
| | | | २. फोहोर पानी उपचार क्षेत्रहरू, ढल फार्म, सेटिङ पड र अक्सीकरण बेसिन । |
| | जल भण्डार | | ३. सिँचाइका लागि वा क्रमिक तथा मौसमी रूपमा जल तह तल झर्ने गरी मानय उपयोगका लागि जलासयगा राखिने पानी । |
| | | | ४. साप्ताहिक वा मासिक रूपमा जलतहमा नियमित तलमाथि हुने हाइड्रो बाँधहरू । |
| | वन्यजन्तुका लागि पानी | | ५. वन्यजन्तुका लागि ताल, पोखरी, पानीका प्वाल तथा खाडलहरू। |